थबाङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थबाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल


## कृषि विकास कार्यक्रममा सहभागिताका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८३।०६।०१

सूचना नं.: १२/२०८३/०८४

थबाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कृषि विकास शाखाको आर्थिक वर्ष २०८३।०८४ को स्वीकृत कार्यक्रम अनुसार तपसिलका कार्यक्रम सञ्चालन गर्न यस थबाङ गाउँपालिकाका इच्छुक कृषक समूह/कृषि सहकारी/कृषि फर्म/कम्पनी/कृषि उद्यमीहरुले देहाय बमोजिमका कागजात सहित मिति २०८३।०६।२१ गते भित्र प्रस्ताव/आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै पेश गर्नुपर्ने निवेदनको ढाँचा आवेदन प्रस्ताव फारम प्रत्येक वडा बाट प्राप्त गर्न सकिनेछ।

पुनश्चः रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रशतावहरु छनोटका लागि समावेश हुन नसक्ने बेहोरा समेत जानकारी गरिन्छ।

तपसिलः

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | स्वीकृत बजेट रु. | बजेटको किसिम | कैफियत |
|---|---|---|---|---|---|
| १. | चालाबाङ चक्लाबन्दी फलफूल खेति विस्तार | ४ | ६०,००,०००।- | समपुरक अनुदान | |
| २. | आ.व. २०८३/०८४ मा स्याउ/ओखरको पकेट विकास कार्यक्रम सञ्चालन | ४ | १२,००,०००।- | संघीय शसर्त अनुदान | |
| ३. | व्यवसायिक फलफूल खेति कार्यक्रम | ४ | ७,००,०००।- | संघीय शसर्त अनुदान | |
| ४ | तरकारी प्रवर्द्धन कार्यक्रम | २ | ५,००,०००।- | प्रदेश शसर्त अनुदान | |

**नोटः अनुदानको सिमा कार्यविधिमा तोके बमोजिम हुनेछ।**

<u>आवश्यक कागजातहरु:</u>

१. रु. १० को टिकट सहितको निवेदन।
२. दर्ता/नविकरण भएको प्रमाण-प्रत्रको प्रतिलिपि।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि र गत आर्थिक वर्षको कर चुक्ताको प्रमाण-पत्रको प्रतिलिपि।
४. सम्बन्धित वडाको सिफारिस पत्र।
५. समूह तथा सहकारीका हकमा सम्झौता गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि।
७. निवेदकको नागरिताको प्रतिलिपि।
८. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौता को प्रतिलिपि।

..........................
गणेश वि.क.
प्रमुख प्रशासकीय अधिकृत

गणेश वि.क.
प्रमुख प्रशासकीय अधिकृत




सम्पर्क: ९८६६९६३८६७, ९८५७८७७०४१, www.facebook.com/thabangruralmunicipal,
email-thabangrm58@gmail.com, www.thabangmun.gov.np